सिंजा गाउपालिकाको आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम

आदारणीय उपाध्यक्ष ज्यू,

वडा अध्यक्ष ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यु

कार्यपालिका सदस्य ज्यूहरु,

गाउँसभाका सदस्यज्यूहरु,

राजनीतिक दलका प्रतिनिधि ज्यूहरु र पत्रकार ,उपस्थित अन्य महानभाव ज्यूहरु,

सिंजा गाँउपालिकाको नीतिकार्यक्रम प्रस्तुतीकरणको यस विशेष घडिमा सवैजनालाई हार्दिक स्वागत अभिवादन भन्न चाहन्छु ।

संघीय गणतन्त्र नेपालको स्थापनाका लागि योगदान गर्ने सहिद र आन्दोलनका योद्धाहरुलाई सम्झिन चाहन्छु, ।

सिंजा गाँउपालिका विश्व सभ्यताको एक नयाँ मानक, विश्वमा भएका विभिन्न सभ्यता मध्येको एक ऐतिहासिक र पौराणीक सभ्यता हो । नेपालको खस भाषाको उद्गम स्थल, बाइसे राज्यको केन्द्र र खसआर्यहरुका पुर्खाले सुन्दर सपना कोरेको यस पावन भुमिमा उभिएर सिजा गाँउपालिकाको अध्यक्षको रुपमा यहाँको विकासका वहुआयामिक पक्षलाई समेटेर नीति तथा कार्यक्रम ल्याउन पाँउदा गर्भ गर्दछु । यसका निम्ती सिजाली मतदाता हरुमा आभार व्यक्त गर्दछु । सदियौं देखिको उत्पीडन र विभेदवाट यस ऐतिहाँसिक भूमिले आशा गरे अनुरुप विकास अगाडि बढ्न सकेन । सँघीयताको स्थापनाले अव विकासको ढोका खोलेकोछ । आन्तरिक उद्योग, पर्यटन, जल र वनको प्रयोगमा श्रोत परिचालन नहुँदा संघीय अनुदान र अन्तसरकारी वित्तिय हस्तान्तरण स्वरुप प्राप्त बजेट र पालिका क्षेत्रमा सामाजिक अभियानका रुपमा संचालन गर्न सकिने अभियानात्मक कार्यक्रमको सिमामा रहेर यो नीति तथा कार्यक्रम संचालन गरिएको छ ।

संविधान निर्माण पछिको दोस्रो आवधिक निर्वाचन मार्फत निर्वाचित हामी जनप्रतिनिधिले पालिकाको नेतृत्व सम्हालेको तेस्रो वर्षको यो नीति तथा कार्यक्रममा पहिलो र दोश्रौं वर्षका अधिकांस नीतिकार्यक्रमको निरन्तरता दिइएको छ भने केही नयाँ कार्यक्रम थपिएको छ । लाख कोषिस गर्दापनि अपेक्षा अनुरुप हाम्रो आफ्नै आन्तरिक श्रोत बढाउन सकिएन अनुदानमा आधारित भएर नीतिकार्यक्रम वनाउन परेको छ । तरपनि पालिकाले दिगो विकास र दिगो श्रोत व्यवस्थापनका लागि आफुलाई अन्यपालिका भन्दा वढी सक्रियपारेको कुरा अवगत गराउन चाहन्छु ।

आर्थिक वर्ष २०८१।८२ का लागि नीति तथा कार्यक्रमलाई विषयगत रुपमा प्रस्तुती गर्ने अनुमति चाहन्छु ।

शिक्षा क्षेत्रको नीति तथा कार्यकम ।

१. कक्षा ८ को नतिजा मार्फत पालिकाको शिक्षाको स्तर पहिचान भएको छ । शैक्षिक स्तरबृद्धि गर्न आवश्यक अध्यन गरि गाउँपालिकाको शैक्षिक रणनीतिक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ । यस वर्षको कक्षा ८ को परीक्षा कै स्तरमा सबै कक्षाहरुमा परिक्षा सञ्चालन गरिने छ ।

२ सिँजा गाँउपालिका विद्यालयका सबै कक्षाहरुको  वार्षिक परीक्षाकालागि प्रश्न पत्र एउटै हुने छ । फरक विदालयका शिक्षकहरुबाट परीक्षा सञ्चालन र उत्तर पुस्तिका परिक्षण गरिने छ । उत्कृष्ट नतिजा ल्याउने विद्यालयका प्र अ र विषय शिक्षकहरुलाई पुरस्कृत गरिने छ ।

३ सिंजा गाँउपालिकाको एउटा विद्यालयमा सिंजा सभ्यता झल्किने **खुल्ला शैक्षिक पार्क** निर्माण कालागि इच्छुक विद्यालयलाई प्रोत्सहित गरिने छ । संघ र प्रदेश सरकार सँग समन्वय गरि उक्त पार्क निर्माण गरिने छ ।

४ सिंजा **वहुप्राविधक शिक्षालय**को स्थापनाको र सञ्चालनका लागि पहल गरिने छ ।

५. मध्यपश्चिम विश्वविद्यालबाट आँगिक क्याम्पसको स्वीकुति लिई  सिंजा क्याम्पसको शैक्षिक र भौतिक स्तर विकास को पहल गरिनेछ ।

६  प्रत्येक वडामा रहेका कम्तीमा एक बटा मा वि लाई लिडर र अरु विद्यालयहरुलाई फिडर स्कुल को रुपमा विकास गरि ती विद्यालयहरुमा आन्तरिक प्रतिस्पर्धा र आपसी सहयोग बढाइने छ ।

७ बाल विकासका शिक्षिकालाई मन्टेश्वरी तालिम प्रदान गरि बाल मैत्री सिकाई लाई बढवा दिइने छ । इ सी डि कोटा मिलान गरिने छ । शिक्षकहरुलाई नेपाल सरकारकै मापदण्ड अनुरुप तालिम भत्ताको व्यावस्था गरिने छ । पालिकाको अनुदानमा व्यवस्थापन गरिएका शिक्षक हरुलाई दशैं खर्चको व्यवस्थापन गरिने छ ।

८  विद्यालयहरुमा भौगोलीक दुरी, विद्यार्थी संख्या र शिक्षक दरबन्दी को अवस्थालाई हेरी तह मिलान गरिने छ । तह मिलानका निम्ती तयार हुने विद्यालयलाई प्रोत्साहित गरिने छ ।

९ आफ्नो  हातामा प्रयाप्त जमिन भएको र प्रयाप्त कक्षा कोठा भएको  विद्यालय छनोट गरि संघको पढ्दै, कमाउदै र प्रदेशको एक पालिका एक आवसीय विद्यालय तथा आश्रित समुहका विद्यार्थीहरुको लागि आवस कार्यक्रमलाई समेत लागु गरिनेछ ।

१०. कार्यसम्पादन, योग्यता, क्षमता र आन्तरिक प्रतिस्पर्धाका आधारमा शिक्षक, शिक्षिकाहरु मध्येवाट विद्यालयको प्रधानाध्यापक तोक्ने र मिलान गर्ने कार्यविधिलाई कार्यानोयन गरिने छ ।

११  विद्यालय सुधार योजना र विद्यालय गुरुयोजना निर्माण प्रभावकारी बनाई  कार्यान्वयनमा ल्याइने छ । सबै विद्यालयमा खानेपानी र सौचालय को व्यवस्था गरिने छ । घेराबार र कक्षा कोठा विस्तारलाई

क्रमश निर्माण गरिने छ । यस वर्ष जाडु, रनुखाना, गाँडापानी ,धिताललिही र विष्टबाडा मा विद्यालय भवन र कक्षा कोठा निर्माण गरिने छ । प्याकुडेबाडा, डिग्रा,काडागाँउ,रुघा र भाडगाँउ मा फर्नीचर को व्यवस्था गरिने छ । बारे, फुंग्र(सिंडि) स्याउले ,नराकोट मा  सौचालय निर्माण गरिने छ । तल्लो गोठी,गोराँ, भुलीमा घेराबार र धापामा स्मार्टबोर्डको व्यवस्था गरिने छ । चुलेलगाँउ,र मन आ वि गोरामा(मर्मत सहित) र शिक्षक व्यवस्थापन गरिने छ

१२.विद्यालय व्यवस्थापन समिति र जन प्रतिनिधिहरु मार्फत बिद्यालयको निरिक्षण गर्ने परिपाटी मिलाइने छ र प्र अ र शिक्षा प्राविधिकहरुलाई कक्षा कोठा भित्र केन्द्रीत गर्दै पृष्ठपोषण सहितको शिक्षण सिकाइलाइ प्रबर्दन गर्न विशेषज्ञ सेवा प्रदान गर्न मासिक नमुना शिक्षण गरिनेछ ।

१३ गुरुहरुबाट गुणस्तरीय र परिणाममुखि नतिजाकालागि  शिक्षणको प्रत्याभुति हुने गरी, ICT मैत्री शिक्षणको व्यवस्था, दौतरी शिक्षण र व्यावहारिक शिक्षामा जोड दिने कार्यक्रमहरु संचालन गरिनेछन् ।

१४ साझेदार सँस्थाहरुको सहयोग र साझेदारीमा यस वर्ष देखि कुनै एक विद्यालयमा स्मार्ट बोर्डको प्रयोग सुरुवात गरिने छ । आगामी वर्षदेखि यसलाई सबै विद्यालयहरुमा विस्तार गरिने छ ।

१५ विद्यालय कर्मचारी, अभिभावक, शिक्षक, सरोकारवालाहरुको नियमित वैठक र अर्न्तक्रिया मार्फत उत्कृष्ट विद्यालय छनौट गरि सिकाई नमुना विद्यालय घोषणा गरिने

१३. पालिका को खेलकुद विकासकालागि एक खेल प्रशिक्षक नियुक्ति गरि विद्यालयहरुमा साप्ताहिक खेलकुद गतिविधिहरु सघन रुपमा सञ्चालन गरिने छ ।  अन्तर विद्यालय, आन्तरिक विद्यालय र अन्तरपालिका स्तरको खेलकुद तथा अतिरिक्त क्रियाकलापमा  प्रतिस्पर्धाका लागि आवश्यक तयारी गरिनेछ ।

१४ अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिदै थप व्यवस्थीत गरिने छ ।

१५.श्रोत र साधन सम्पन्न र ईच्छुक विद्यालयहरुमा अँग्रेजी, गणित र विज्ञान विषयहरु अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने ब्यवस्था मिलाईने छ ।

१६ सिजा सभ्यता र इतिहासको संरक्षण गर्न सिजाको इतिहास लेखन गरिने छ । विज्ञता र विशेषज्ञताको लागि विभिन्न पक्षसँग आवश्यक साझेदारी गरिने छ ।

स्वास्थ्य र सरसफाई क्षेत्रका नीतितथा कार्यक्रमहरु

१. स्वास्थ्य विमाको पहुँचामा  आवद्ध गर्न सिजाबासीलाई प्रोत्साहित गरिनेछ । आर्थिक अवस्था दयनीय भएका विपन्न परिवारहरुलाई निशुल्क विमा र आर्थिक अवस्था कमजोर  परिवारको ५० प्रतिशत प्रिमियम पालिकाले व्यहोर्ने कार्यबिधि बनाई विमा अभियान सञ्चालन गरिने छ  ।

२. . पालिकामा रहेको स्वास्थ्य ल्यावको स्तरवृद्धि गरिनेछ । स्वयम सेवक स्वास्थ्य कर्मीहरुको पारीश्रमिक  १५ प्रतिसतले बृद्धि गरिने छ ।

४. गरीब, दु:खी असहाय एकल महिलालाई ठूलो रोग लागेमा औषधि उपचार गर्न नसक्ने अवस्था आउन नदिन आवश्यक व्यवस्था मिलाइने छ ।

५. गाउँपालिका भरिका जेष्ठ नागरिकहरुको स्वास्थ्य लगत राखेर मासीकरुपमा एक दिन निशुल्क जाँच र निगरानी गरिनेछ । साथै जेष्ठ नागरिकहरुको सर सफाई ( कपाल, नङ ,दाह्री काट्ने, महिलाहरुको कपाल मिच्ने र घसाउन कोराउन गरिने छ । दीर्घरोगी,सुगर, मुटु रोगी दम रोग ग्याष्ट्रिक भएका पालिकाका वासीलाई निशुल्क औषधी वितरण गर्ने व्यावस्थालाई निरन्तरता दिइने छ ।

६.संघीय सरकार सँग समन्वय गरि नराकोट स्वास्थ्य चौकीलाई स्तरबृद्धि गरी १० शैयाको अस्पताल बनाइने प्रक्रिया आगाडी बढाईने छ । वडानं २ र ६ का आधारभू स्वास्थ केन्द्रको भवन निर्माण गर्न संघ सरकार सँग समन्व गरिने छ ।

७.विद्यालय स्वास्थ्य कार्यक्रमलाई सरकारी तथा गैरसरकारी साझेदार सँस्थाहरुसँग मिलेर थप प्रभावकारी बनाइने छ ।

८. घरमा सुत्केरी हुने चलनलाई रोकी स्वास्थ्य चौकीमा सुत्केरी हुनेलाई सरसफाई सम्बन्धि सामान उपहार दिइनेछ, सुत्केरी कुपोषित बालबालिका र ६७ वर्ष उमेर पुगेका घातक रोग लागेका विरामीहरु र आकास्मिक दुर्घटनाको लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

९. पुर्णखोप, भिटामीन र आइरन प्रयोगको दर वढाउन संचालन गरिने राष्ट्रिय अभियानलाई पलिकामा उत्सवको रुपमा संचालन गरिनेछ ।

१०. धामी झाँक्री बैद्य मुग्लेरी पुरोहित संग सम्वन्धीत उपचार विधि र औषधीको खोजी तथा अभिलेखिकरण गरि अन्धविश्वास हटाउन सहयोग गर्ने ।

११ सिंजा गाँउपालिका वडा नं. ५ शनिगाँउ स्वास्थ चौकीको लागि नयाँ एम्वुलेन्स खरिद गरिनेछ ।

१२ स्वास्थ्य सँस्थाहरुमा आवश्यक उपकरणको व्यवस्था गरिने छ ,

१३ नागरिक आर्युवेद केन्द्रमा स्टीम बाथ राखी आयुर्वेद उपचार प्रति नागरिकहरुलाई आकर्सित गरिनेछ । साथै सिजा आँखा उपचार केन्द्रमा थप सेवा विस्तार गरिने छ ।

१४ सिजा गा पा को स्वास्थ्य क्षेत्रले जिल्ला भरिमा हासिल गरेको अग्रता लाई कायम राख्न सबै स्वास्थ्य कर्मीहरुलाई उच्च सम्मान गरिने छ । आगामी वर्षमा पनि यो अभियान कायम राख्न प्रयत्न गरिने छ ।

१५ वार्षिक ,अर्धबार्षिक रुपमा सिजा गा पा मा विभिन्न सँघ सँस्था र साझेदारहरुसँग सहकार्य गरि विगत वर्ष जस्तै यस वर्ष पनि स्वास्थ्य सिभिरहरु सञ्चालन गरिने छ

## कृषि तथा पशुपंछी सम्वन्धी निति तथा कार्यक्रम

१. सिंजा गाउँपालिकाको स्याउ आलु आदि फलफूल तथा कृषि उपजलाई भण्डारण गर्न स्थानीय कृषि सहकारी वा कृषक समुह मार्फत नराकोटमा कोल्डस्टोर निर्माण गरिनेछ । यसले खाद्य आपुर्ति श्रृङखलालाई थप प्रभावकारी गर्न मद्दत मिल्नेछ ।

२. सिंजा गाँउपालिकाको अर्गानिक बर्गिकरण गरि कर्णाली प्रदेश सरकारको मूल्यवान लोगोको प्रयोग अनुमति लगिने छ ।

३. किसानको उत्पादन पालिकाको चाँसो भन्ने नारा सहित दुध, स्याउ र रैथाने वालीको उत्पादनमा जोड दिइने छ । प्रदेश सरकारको मूल्यवान कर्णाली उत्पादन कार्यक्रममा सिंजाको उत्पादनलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

४. नेपाल सरकारको कर्णाली मार्सिधान ब्राण्डीङ्ग कार्यक्रममा खस र सिंजाको पहिचान प्रदान गर्न पहल गरिनेछ ।

५. कृषि क्षेत्र विकास कार्यक्रम, नाफा कार्यक्रम, कर्णाली समृद्धि कार्यक्रमहरुलाई पालिकामा प्रभावकारी संचालन गरि कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।

६. सिजामा  उत्पादन हुन` सबै कृषि उपजहरु विशिष्ठ बस्तु हुन यी उपजहरुका कच्चा बस्तु विक्री गर्न निरुत्साहित गर्दै । सिजामै परिकार निर्माण गरि तयारी वस्तु बिक्री गर्न र उच्च मुल्य कायम गर्न प्रयत्न गरिने छ ।

७.सिंजाको उत्पादन औद्योगिक व्यापार मेलामा समावेश गर्ने प्रयोजनका लागि पालिका भित्र व्यावसाय गरेका सफल किसानको उत्पादनलाई प्रर्दशनीमा लैजान प्रोत्साहन रकम उपलव्ध गराइने छ ।

८.सिजा गा पा का कृषि उत्पादन बृद्धि गर्न सँघ सरकार सँगको समन्वयमा बारे सिचाई कुलो , तल्ला गोठी सिचाई कुलो ,काँडागाँउ सिचाई कुलो र प्रदेश सरकारको समन्वयमा माथिल्लो गोठी सिचाई कुलो र भाडगाँउ सिचाई कुलो निर्माण गरिने छ । ज्यूला तिर बाडिले अवरोध गरि पुरिएका बाँधहरुलाई पालिकाबाटै मर्मत गरिने छ ।

९.हिमा नदि र आसपासका खोला छेउका वाँझो जमिनमा आधुनिक वाताअनुकुल लिफ्ट सिंचाई मार्फत सो जग्गालाई तरकारी उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

१०. किसान हरुले परम्परागत रुपमा उत्पादन गर्दै आएका गोठेमललाई आधुनिक प्रङ्गागारिक मलको उत्पादनकालागि तालिम दिइने छ ।

११. शुश्क क्षेत्रमा हिँउ र वर्खेपानी संकलनको लागि पोखरी निर्माण सहितको सिंचाई प्रणाली विकास गरिने छ । यस पटक थप बलका साथ प्रदेश र संघ सरकार संग समन्वय गरिनेछ ।

१२. मार्सिधान, रैथानेवाली, फलफुल र तरकारी विकास कार्यक्रम विस्तार तथा प्रत्येक वडामा पकेट र व्लक निर्माण गरिनेछ ।

१३. एक घर एक एक कृषि उद्यम केन्द्रको अवधारणा कार्यान्वयन गरिनेछ ।

१४. अर्गानिक  सिंजा गाउँपालिकाको रुपमा विकास गर्न प्राङ्गगारिक विशेष कार्यक्रम संचालन गरिनेछ ।

१५.पालिकाका ६ वटै वडाहरुमा पशु प्राविधिक पठाईने छ । भ्याक्सीन लगाएतका औषधि हरु समय समयमा पठाइने छ । उन्नत जातका पशुपालनकालागि किसानहरुलाई उत्साहित गरिने छ । भेडापालक किसानहरुलाई साझेदारीमा भेडाको वीउ वितरण गरिने छ ।

१६. सिंजा गाउँपालिकामा एक स्तरीय वीउ वैंकको स्थापनाको लागि कृषि क्षेत्रका गैसस

संग समन्वय गरिनेछ । विभिन्न जातका फलफुलका विरुवाहरु किसानलाई वितरण गरिने छ ।

१७. खाद्य संस्कारमा परिवर्तन ल्याउन अभियान लाई निरन्तरता दिइने छ ।

१८.सँघ प्रदेशको सहकार्यमा पालिकामा रहेको बाँझो जग्गा उपयोग गर्न नयाँ योजना लागु गरिने छ ।

१९. गत वर्ष हुन नसकेको कृषि तथ्याङ्क अध्यावधिक तथा किसान सुचिकरणको काम पुरा गरिनेछ ।

२०. पालिकाकोक्षेत्राधिकारमा रहेका सहकारी सँस्था हरुको अनुगमन र मूलयाँकन गरिने छ ।बचत कर्ताको बचत रकमलाई सुरक्षित राख्न प्रेरित गरिने छ । सहकारीहरुको सिद्धान्त र मर्मलाई आत्मसाथ नगरिएको पाइएमा नियमन गरिने छ । सहकारीहरुलाई विषयगत रुपमा एकिकरण गरिनेछ । उत्पादनका काममा लगाइएर रोजगारी सृजना गरिने छ । सहकारीको गूणस्तर बृद्धिगर्न आवश्यक सहयोग गरिनेछ ।

२१. फल तथा अन्नबालीमा आधारित जीविकोपार्जन कार्यकम संचालन गर्न नाफा लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय आयोजना संग साझेदारी गरिनेछ ।

**महिला तथा बालबालिका**

१। गाउँपालिका, वडापालिका, विभिन्न गैरसरकारी संस्था र स्थानीयहरुको समन्वय सहकार्यमा वालविवाह न्यूनिकरणका कार्यक्रमलाई प्राथमिकतामा रखी गाउँपालिका भित्रका वडाहरुलाई बालविवाह मुक्त वडा घोषणा गर्न प्रेरित गरिनेछ । घोषणाका लागि आवश्यक सुचकहरु पुरा गरेका वडाहरुलाई यस आर्थिक वर्ष भित्र बालविवाहमुक्त वडा घोषणा गरि बालविवाह मुक्त गाउँपालिका घोषणाका लागि आधार तयार गरिनेछ ।

२। बालमैत्री स्थानीय तह घोषणाका लागि तथ्याङ्क संकलन तयारी गरि वडा तथा पालिका घोषणा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ साथै सुचक पुरा भएका वडा तथा पालिकालाई क्रमिक रुपमा बालमैत्री वडा घोषणा गरिनेछ ।

३। लैङ्गिक हिंसामा परेका महिलाहरुको उद्धार, राहत र पुर्न स्थापना कार्यक्रमलाई प्राथमिकता साथ संचालन गरिनेछ ।

४। पालिका, वडा , गैरसरकारी संस्था र स्थानीयहरुको सहयोग समन्वय र सहकार्यमा बालमैततत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ । मापदण्ड पुरा भएका वडाहरुलाई बालमैत्री वडा घोषणा गर्न प्रेरित गरिनेछ ।

५। समाजमा जगडिएर रहेको लैङ्गिक हिंसा लगायतका विकृतिलाई न्यूनिकरण गर्न पुरुषहरुको एक्येबद्धताः महिलापुरुष समसचेतना कार्यक्रम,सासु बुहारी अन्तरपुस्ता कार्यक्रमलाई संचालन गरिनेछ ।

६। विभिन्न पेशा व्यवसायमा आवद्ध महिलाहरुलाई नेतृत्व विकास तालिम संचालन, उपाध्यक्ष सँग महिला कार्यक्रम संचालन, पालिका स्तरीय महिलाहरुको विचमा प्रतिषप्रधात्मक कार्यक्रम संचालन, महिला सिप विकास तालिम संचालन,महिला उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ ।

७। यस आ.व.मा प्रत्येक वडा स्तरीइ महिला समुह, किशोरी समुह, पालिका स्तरीय महिला संञ्जाल गठन र अभिलेखीकरण तिनहरुलाई क्षमता अभिवृद्धि नेतृत्व विकास तालिम संचालन गर्नका साथै समाजमा  घट्ने गरेको विकृति,विसंगति , कुरिति, कुसंस्कार विरुद्धमा सचेतना जगाउने जिम्मेवारी प्रदान गर्ने र उनीहरुको नेतृत्व विकासका कार्यक्रममा जोड दिने ।

८। महिला तथा बालबालिका शाखामा सम्बन्धित सबै खालका दिवसहरुलाई जोड दिइ भव्यताका साथ मनाईने छ ।

९। लैङ्गिक समानता तथा सामाजिककरण समावेशिकरण मुलप्रवाहीकरण नीति निर्माण तथा पञ्चवर्षिय रणनीति निर्माण ,बालविवाह न्यूनिकरण सम्बन्धि पञ्चवर्षिय रणनीति निर्माण, लैससास कार्यविधि निर्माण गरि राजपत्रमा प्रकाशन गरि कार्यान्वयनमा ल्याईनेछ ।

१०। यस सिंजा गाउँपालिकाका अपाङ्गता भएका नागरिकका लागि दैनिक सहजताका लागि आवश्यक्ता अनुसार सहायक सामाग्री वितरण, शिविर मार्फत अपाङ्ग परिचयपत्र वितरण, सीपमुलक तालिम तथा आर्य आर्जनका कार्यक्रम संचालन गरिनेछ ।

११। जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चितताका लागि गाउँपालिकास्तरको सञ्जाल गठन, जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन, जेष्ठ नागरिक न्यानो कार्यक्रम,दिवा सेवा संचालन कार्यक्रम तथा जेष्ठ नागरिकसँथ अध्यक्ष सम्बाद संचालन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१२। विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवाशिय विद्यालयको व्यवस्थापनमा जोड दिइने छ ।

१३। मानव बेचविखन तथा ओसार पसार, लागु औषधि दुरव्यसनी,बालविवाहका कार्यक्रममा नेपाल प्रहरीसँग मिलेर प्रत्येक वडामा संचालन गरिनेछ ।

१४। बालकोष तथा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

१५। गाउँपालिकाले लैससास परिक्षण गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाउने छ।

१६। अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि स्थानीय समन्वय समितिका पदाधिकारी र बालअधिकार समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम संचालन गराईनेछ ।

१७। अपाङ्गता परिचय पत्र वितरणको लागि वर्षमा एक पटक घुम्ति शीविर राखिनेछ ।

१८। समाजमा रहेका कुरिति, कुपर्था बालविवाह, छाउपडी, लैङ्गिक हिंसा...... पालिका, महिला तथा बालबालिका शाखा तथा विभिन्न गैरसरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा न्यूनिकरण गर्न आवश्यक सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।

**पशुपन्छी सेवा शाखा तर्फको नीति तथा कार्यक्रमः**

१। पशुपन्छी पालक व्यवसायिक कृषकका पशुहरुमा नश्ल सुधार कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२। सिंजा गाउपालिका भित्र रहेका व्यवसायिक पशुपन्छीपालक कृषकहरुलाई लागत साझेदारीमा आधारित पशु पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।

३। व्यवसायिक पशुपालक कृषकहरुलाई पशुपन्छीको गोठ खोर सुधार कार्यक्रमको लागि आवश्यक व्यवस्था गरिनेछ । व्यवसाय दर्ता मासुका कृषक

४। पशुपन्छीलाई महामारी रोग निरोधकको लागि खोप कार्यक्रमलाई प्रथिमकता दिइनेछ ।

५। मासु, अण्डा, दुध र माछाको लागि पालिकामा भित्रका कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

६। उन प्रशोधन र प्रवद्धन कार्यक्रमको लागि मिसिन औजारको व्यवस्था मिलाइनेछ ।

७। पशुपन्छी उपचार सेवालाई निरन्तरता दिइनेछ ।

८। पशु आहारको लागि उन्नत जातको घाँसको वीउ वितरण कार्यक्रम संचालन गरिनेछ ।

९। एक वडा एक पशु सेवा प्राविधिकको  नपुग जनशक्ति प्रदेश सरकार सँग माग गरिनेछ ।

१०। १०० भन्दा बढी भेडा पालक कृषकलाई उन्नत जातका भेडा/बाख्रा विकास कार्यक्रम संचालनको लागि आवश्यक बजेटको पहल गरिनेछ ।

११। पशुपालक कृषकहरुको लागि क्षकता विकास कार्यक्रम संचालनको लागि सामाग्री वितरण गरिनेछ ।

१२। पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१३। पशु सेवा केन्द्रको लागि आवश्यक भौतिक पुर्वाधारहरुको व्यवस्था गरिनेछ ।

१४। पशुपन्छी औषधिको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**उद्योग विकास शाखा तर्फको नीति तथा कार्यक्रमः**

१। गाउँपालिकामा दर्ता भएका र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट हस्तान्तरण भइ आएका उद्योग तथा बाणिज्य फर्महरुको स्तर  उन्नतिका लागि उद्ममशिलता विकास, व्यवसया अभिमुखिकरण, सिप विकास तालिम र प्रविधि सहयोगका कार्यक्रम संचालन गरिनेछ ।

२। संघीय, प्रदेश सरकार र स्थानीय तहका कुनै पनि निकायमा दर्ता भइ सिंजा गाउँपालिका भित्र संचालनमा रहेका उद्योग/फर्म वित्तिय संस्था समुह सहकारी र कम्पनीहरुलाई अनिवार्य सुचिकृत, नविकरण गराउने र व्यवसाय दर्ता नगरि संचालनमा रहेका उद्योग/फर्महरुलाई दर्ताको दायरामा ल्याइ कालो बजारी न्यूनिकरणका लागि बजार अनुगमन गरिनेछ ।

३। वडा नं. १,२ र ३ मा व्यवसाय दर्ता गरी रारा जाने सडक सँग जोडिएका होटेल तथा पसलहरुलाई स्थानीय परिकार उत्पादन प्रशोधन र स्थानीय संस्कृत जर्गेना गर्न व्यवसाय सुधार तालिम संचालन गरिनेछ भने वडा नं. ४,५ र ६ मा दर्ता भएका सामुदायिक वन, कबुलियत वन, समुह तथा सहकारीहरुलाई स्थानीय कच्चा प्रदार्थमा आधारित डोका,डाला,फर्निचर, स्याउका चाना,जाम, जेलि, जुस, मिठाई,चोताको असुरो, गुन्दुर्क र जडिबुटी चिया सम्बन्धि सिप विकास तालिम संचालनको लागि बजेट व्यवस्था गरिनेछ ।

४। स्थानीय उत्पादनको बजारीकरण गर्न स्थापना भएका कोसेली घर र हाट बजारलाई थप व्यव्थापन गरि उत्पादन र वितरकहरुलाई उद्ममशिलता विकास र मार्केट नेटर्क सम्बन्धि तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

५। संघ,प्रदेश र गैर सरकारी कार्यालयहरुको समन्वय र सहकार्यमा स्थानीय बजारको मागमा आधारित नयाँ उद्ममी सृजना र पुराना लघु उद्ममिहरुको स्तर बृद्धि गर्न सिप विकास तालिम प्रविधि सहयोग र सफल उद्ममीहरुलाई थप हौसला दिन पुरुस्कृत कार्यक्रम गरिनेछ ।

६। दिगो तथा सम्मानित रोजगारीका लागि CTEVT सँगको समन्वयमा सिप सिक्न रोजगार बन्न चाहने युवाहरुलाई प्रभावकारी कार्यगत तालिम,वृद्धि,परामर्श, उद्योग धन्दा केन्द्रित जिवन पर्यन्त सिकाई काम गर्दै गरेकाहरुका लागि थाप तालिम संचालन गर्न पहल गरिनेछ ।

**रोजगार शाखाको नीति तथा कार्यक्रमः**

१। आफ्नो माटो आफै चिनौ, आफ्नौ गाउँ आफै बनाउँ स्वबम्बन अभियान संचालन गरी युवाहरुलाई रोजगारीका अवसर पहिचान गरी सहजीकरण गरिनेछ ।

२। दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सिपमुलक पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

३। रोजगार सेवा केन्द्रलाई स्थानीय प्रादेशिक,राष्ट्रिय तथा बैदेशिक क्षेत्रका मागमा आधारित जनशक्ति तयार गर्ने सहकार्य गरिनेछ ।

४। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी ५० प्रतिशतको साथै दक्ष श्रमिकको ज्याला पालिकाको साझेदारी रकमबाट दिने व्यवस्था गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ । यस्तो साझेदारीमा आवश्यक कार्यविधि बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निमार्ण सामग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।साझेदारीको लागि बजेट व्यवस्थापन गर्ने ।

५। बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।

६। कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली,उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन सिंजा गाउँपालिकाको नीति हुनेछ ।

**सहकारी शाखा तर्फको नीति तथा कार्यक्रमः**

१। उद्देश्य,भुगोल र कार्यक्षेत्रको आधारमा सहकारी मिलानको कार्यविधि तयार गरि कार्यन्वयन गरिनेछ ।

२। सहकारीका पदाधिकारीहरुलाई क्षमता विकासका तालिमको मिलाइनेछ ।

३। सहकारीका शेयर सदस्यहरुलाई व्यवसाय आत्मनिर्भरका कार्यक्रमहरु संचालन गरिनेछ ।

४। सहकारी अनुगमन नियमनका कार्यक्रम संचालन गरिनेछ ।

**पर्यटन तर्फको नीति तथा कार्यक्रमः**

**१**। बारे केदारनाथ तिर्थ स्थलमा साउन पुर्णिमा एकादसीका दिन धार्मिक केदारनाथ मेला निरन्तरता दिइनेछ ।

**२**। सिंजा गाउँपालिका वडा नं.३ को राइके डाँडामा पर्यटन प्रवर्द्धनको लागि नेपालको बृहत नक्शा सहित आवश्यक पहल गरिनेछ ।

**३**। कृषि र पशुपन्छी पर्यटन प्रवर्द्धनको लागि पशु हाट बजार सञ्चालन गरिनेछ ।

**४**। नाग्म सिंजा गमगडी राजमार्ग भित्र संचालन भएका होटेल रेष्टुरेन्टमा रैथाने वालीमा सफा परिकार बनाई पर्यटकलाई खुवाउन प्रोत्साहन गरिनेछ ।

**५**। सिंजाका परम्परागत कला र रितिरिवाजको गर्न प्रत्येक वडामा स्थानीय कला तथा परम्परा प्रवर्द्धन समिति तयार गरि देउडा, मागल,बाजागाजा लगाएत स्थानीय कला र परम्पराको संरक्षण र विकास गरिनेछ ।

**६**। कृषि हाट बजारलाई निरन्तरता दिइनेछ ।

**७।** सिंजा संग्राहालयलाई पर्यटन प्रवर्द्धनमा जोड दिइ पुराना कला सस्कृति आदि लाई संकलन गरिनेछ ।

**८।** असाढ मसान्त लाई काफल दिवस मनाउन निरन्तरता दिइनेछ ।

**९।** साउन १ गते खस दिवस मनाइनुका साथै खस पात्रो प्रकाशनमा निरन्तरता दिइनेछ ।

**भौतिक पूर्वाधार तथा अन्य क्षेत्रका नीति तथा कार्यक्रमः**

१। मुख्य सडकहरु ८ मिटरको बनाइनेछ ।

२। एक वडा देखि अर्को वडा सम्मका सडकहरु ६ मिटरको बनाइनेछ ।

३। एक गाउँदेखि अर्का गाउँ जाने सडकहरु ४ मिटरको बनाइनेछ ।

४। सम्पूर्ण भवनहरु भुकम्प प्रतिरोधात्मक बनाइनेछ ।

५। सबै सडकहरु Roller सहितको gravel गरि नालाहरु निर्माण गरिनेछ ।

६। यस गा.पा.मा घरको नक्सा पासाको व्यवस्ता गरिनेछ ।

७। सबै सिंचाइकुलाहरु R.C.C गरिनेछ ।

८। यस गा.पा.मा आवश्यक सबै पुलहरु R.C.C Motor able bridge बनाउनको लागि पहल गरिनेछ ।

९। Climate Change लाई अनुकुलन बनाउनुको निम्ति धैरै जसो जोशिम ठाउँहरुमा Bio Engineering गरिनेछ ।

१०। नबनेका वडा कार्यलय भवन बनाइनेछ

११। Forest Area तथा खोलानाला क्षेत्रमा I.E.E.गरि काठ,बन पैदावार तथा नदिजन्य पदार्थहरु कानूनी नियमानुसार विक्रवितरण गर्दै राजश्व उठाउइनेछ ।

१२। हिमा नदिको किनार कटान रोक्न लाई तटबन्ध निर्माण कार्य गरिनेछ । र दातृनिकाय सँग समन्वय गरिनेछ ।

१३। नराकोट पक्की पुललाई निर्माण गर्न पहल गरिनेछ ।

१४। फोहोर व्यवस्थापनको लागि Dumping Side तथा Dumping vechicleको व्यवस्था गरिनेछ।

१५। Electrical vehicle गुडाउने उद्‌देशयलाई मध्यनजर राखी पालिका भित्र सबै सडकको स्तरउन्ती गरि charging station हरु निर्माण गरिनेछ ।

१६। चाखुचागामा पालिका स्तरिय अत्याधुनिक खेलमैदान निर्माण गरिनेछ ।

१७। आवश्यक स्थानहरुमा Recharge Powel तथा Irrigation Powel निर्माण गरिनेछ ।

१८। भुकम्पको क्षेत्रीलाई मध्यनजर गरि safe खुल्ला ठाउको निर्माण गरिनेछ

१९। यस पालिका भरि सुरक्षित तथा व्यवस्थित खानेपानी लागि बृहत योजना निर्माण गरिनेछ ।

**वन तथा वातावरण नीति तथा कार्यक्रमः**

१। सिंजा गाउँपालिका भित्रका सम्पूर्ण सडकको छेउछाउमा वृक्षारोपण गरी हरित सडक कार्यक्रम संचालन गरिनेछ ।
२। सिंजा गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुलाई अनिर्वाय सुचिकृत गराइनेछ ।
३। सिंजा गाउँपालिका भित्र रहेका सामुदायीक वनका उपभोक्ता समितिको क्षमता विकास गरि खाली रहेको डाँडाकाँडाहरुमा वृक्षारोपण गरी वन संरक्षण गरिनेछ ।
४। सिंजा गाउँपालिका भित्रका राष्ट्रिय सामुदायि र नीजि बनलाई अतिक्रमण हुन नदिन सरोकार निकायहरु संग समन्वय गरि वन विस्तार गरिनेछ ।
५। निजि वन दर्ता कार्यक्रमलाई कार्यन्वयनमा ल्याइनेछ ।
६। निजि सामुदायिक र राष्ट्रिय वनमा बहुमुल्य जडीबुटीको संरक्षण प्रवर्द्धन तथा घरेलुकरण गरिनेछ ।

**विपत राहत तथा उद्धार सम्बन्धि नीति तथा कार्यक्रमः**

**१।** प्रत्येक वडामा गठन भएका विपत व्यवस्थापन समितिलाई क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
**२।** विपत प्रतिकार्य योजना तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।
**३।** विपत उद्धार सामाग्री प्रत्येक वडामा व्यवस्थापन गरिनेछ ।
**४।** आ.व.२०७९/०८० को विपतले क्षेति पुर्याएको क्षेत्रलाई तढबन्दन तथा वृक्षारोपोण कार्यक्रमलाई सरोकारवाल निकाय संगको समन्वयनमा कार्यक्रम संचालन गरिनेछ ।
**५।** प्रत्येक वडामा विपत प्रतिकार्य टोली तयार गरी प्रकोपको विपतमा परेका समुदायको उद्धार तथा राहत कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

**सूचना तथा प्रविधि शाखा तर्फका नीति तथा कार्यक्रमः**

१। यस सिंजा गाउँपालिकालाई डिजिटल इ–पालिका बनाइनेछ ।
२। यस सिंजा गाउँपालिकाको डिजिटल नागरिकवाडा पत्र बनाइनेछ ।
३। हेलो पालिका एप्स लागु गरिनेछ ।
४। एकिकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गरिनेछ ।
५। यस सिंजा गाउँपालिकाको डिजिटल प्रोफाईल तयार गरी लागु गरिनेछ ।
६। सूचना प्रविधि शाखालाई यतायता साधानकोलागि एक मोटर साइकलको व्यवस्था गरिनेछ ।

**प्रशासन शाखा तर्फका नीति तथा कार्यक्रमः**

१। हालसम्म पास भएका ऐन, नियमावली तथा कार्यविधिलाई स्थानीय राजपत्रमा प्रकाशनमा गरिनेछ ।

२। सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि कार्यालय व्यवस्थापन तथा फाँट व्यवस्थापन गरिनेछ ।

३। प्रशासनिक भवनलाई शिघ्र निर्माणका लागि पहल तथा गाउँपालिका परिसरमा घेरवार गरिनेछ ।

४। गाउँपालिकामा रहेको रिक्त दरबन्दिलाई पदपुर्ति गर्न माग गरिनेछ ।

५। दर्ता चलानीलाई प्रभावकारी बनाउनको लागि कर्मचारीको व्यवस्था गरिनेछ ।

६। जनप्रतिनिधिहरुले कार्यबाहक(का.वा.)दिदा अनिवार्य लिखित रुपमा निवेदन प्रशासन शाखामा दिनुपर्नेछ ।

७। गुनासो व्यवस्थापन गर्नका लागि गुनासो पेटिका सबैले देख्ने ठाउँमा राख्नुपर्ने र सो पेटिकामा प्राप्त भएका गुनासो तथा सुझावको समुचित व्यवस्थापन गर्न आवश्यक कारवाही गरिनेछ ।

८। सेवा प्रवाहलाई चुस्त, सहज र पारदर्शी बनाउनको लागि सबैले देख्ने ठाउँमा स्पष्ट नागरिक वडापत्र राख्ने व्यवस्था गरिनेछ ।

९। प्रशासन शाखाको लागि सवारी साधन स्कुटर को व्यवस्था गरिनेछ ।

१०। सिफारिस स्वीकृत गर्दा अनिवार्य रुपमा राजश्वको रसिद हेर्नुपर्नेछ ।

११। कार्यजिम्मेवारी सुचीको व्यवस्था गर्नुपर्नेछ ।

१२। कार्यालयमा तातोचिसो (फिल्टर)स्वच्छ पिउनेपानीको व्यवस्था गरिनेछ ।

**राजश्व शाखा तर्फका नीति तथा कार्यक्रमः**

१। राजश्व सफ्टवेयर तथा अन्य सफ्टवेयर सम्बन्धि पुनताजकि तालिमको व्यवस्था गरिनेछ ।

२। राजश्व शाखाका सफ्टवेयर संचालनका लागि छुट्टै इन्टरनेटको व्यवस्था गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्चिकरण शाखाः**

१। सामाजिक सुरक्षा भत्ताको लागि बायोमेट्रिक डिभाइस ६ वटै वडाहरुको लागि ८ वटा डिभाइस खरिद गरिनेछ ।

२। बायोमेट्रिक सम्बन्धि ६ वटै वडाहरुमा तालिम संचालनको व्यवस्था गरिनेछ ।

३। व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अनलाईन तालिमको व्यवस्था गरिनेछ ।

४। हात नहुने समाजिक सुरक्षा भत्ता खाने लाभग्राहीका लागि चाहिने Eye Scanner Device १ थान खरिद गरिनेछ ।

५। व्यक्तितग घटना दर्ता सम्बन्धि शिविर संचालन गरिनेछ ।

**लेखा तर्फको नीति तथा कार्यक्रमः**

१। लेखा शाखाको लागि सवारीसाधन स्कुटर उपलब्ध गराइनेछ ।

**सिंजा गाउँपालिकाले प्राप्त गरेको रकम र पालिकामा संकलन भएको कर**

सिंजा  गाउँपालिकामा पहिला देखि लगाउदै आएको स्थानीय करलाई साल समय अनुसार करको दरलाई हेरफेर गरी परिवर्तन गर्नेछौं ।

गाउँसभाका सदस्य ज्यूहरु, अब म यो सम्मानित १४ औं गाउँसभामा आर्थिक वर्ष २०८१/०८२ का लागि अनुमानित गरी प्रसताव गरेको बजेट कार्यक्रम र योजना तपाईहरुका सामु राख्दैछु ।

अन्तरसरकारी वित्तिय हस्तान्तरणः- २७ करोड ७४ लाख ८८ हजारमात्र

संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँट रकम ७ करोड ४३ लाख

**जम्मा ३५ करोड १७ लाख ८८ हजार**

प्रदेश समानीकरण अनुदान तर्फः १ करोड ५५ हजार

प्रदेश सशर्त अनुदानः १ करोड ७५ लाख १३ हजार

प्रदेश विशेष अनुदानः ५० लाख

प्रदेश समपुरक अनुदानः २ करोड ५८ लाख

जम्मा चालु तर्फः १करोड ६८ लाख ६८ हजार

पुजीगत तर्फः ४करोड १५ लाख

**जम्माः ५ करोड ८३ लाख ६८ हजार**

**कुल ४१ करोड २१ लाख ५६ हजार**

यो नीति तथा कार्यक्रममा सहयोग गरिदिन सबै सिंजाबासी दाजुभाइ तथा दिदीबहिनिहरुलाई अनुरोध गर्दछु । धन्यवाद ।

पूर्णप्रसाद धिताल
सिंजा गाउँपालिका अध्यक्ष
मितिः२०८१/०३/१०